खिजीदेम्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
१ नं. प्रदेश, नेपाल
स्था : २०७३

# खिजीदेम्वा गाउँपालिकाको

## विनियोजन विधयक, २०७९/८०

### गाउँ सभाबाट स्वीकृत मिति : 2079/03/08

**खिजीदेम्वा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खिजीफलाटे, ओखलढुंगा**
**१ नं. प्रदेश, नेपाल**

गम्बु शेर्पा
गाउँपालिका अध्यक्ष

# उद्देश्य र कारण

खिजीदेम्वा गाउँपालिकामा अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदानको रकम, आन्तरिक आम्दानी तथा सञ्चित कोषमा रहेको रकमलाई गाउँ कार्यपालिका तथा विषयगत शाखाहरुका साथै सम्पूर्ण विषयक्षेत्रमा न्यायोचित ढंगले वितरण गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो ।

प्रस्तुत विधेयकको व्यवस्थाले अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदानको रकम, राजस्व परिचालनबाट प्राप्त आय, राजस्व बाँडफाँडबाट प्राप्त रकमका साथै सञ्चित कोषमा रहेको रकमलाई खिजीदेम्वा गाउँपालिकाका सवै वडा तथा क्षेत्रमा न्यायोचित ढंगले वितरण गरी समग्र खिजीदेम्वाको सन्तुलित विकासको माध्यमबाट खिजीदेम्वाबासीको जीवनस्तरमा सुधार ल्याउने प्रयत्न गरिएको छ ।

गम्बु शेर्पा
गाउँपालिका अध्यक्ष

(सुशिला तामाङ)
उपाध्यक्ष,
खिजीदेम्वा गाउँपालिका

# खिजीदेम्वा गाउँपालिकाको विनियोजन विधयक, २०७९

सभाबाट स्वीकृत मिति: २०७९।०३।१५

<u>प्रस्तावना:</u> खिजीदेम्वा गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम खिजीदेम्वा गाउँ सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम " खिजीदेम्वा गाउँपालिकाको विनियोजन विधयक, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>आर्थिक वर्ष २०७९/०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार</u>: (१) आर्थिक वर्ष २०७९/०८० को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३८,६७,२०,०००।-(अक्षेरुपी अठतीस करोड सतसठी लाख बीस हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. <u>विनियोजनः</u> (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/०८० को निमित्त खिजीदेम्वा गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर, चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ

गम्बु शेर्पा
गाउँपालिका अध्यक्ष

## अनुसूचि–१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | संघीय राजस्व बाडँफाड | प्रदेश राजस्व बाडँफाड | स.वितिय समानिकरण | प्र.वितिय समानिकरण | आन्तरीक आम्दानी | सशर्त अनुदान संघ र प्रदेश | विशेष अनुदान संघ | समपुरक अनुदान संघ र प्रदेश | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 |
| 1 | | गाउँ कार्यपालिकाको कार्यालय (वडा कार्यालय समेत) | ७८५६३ | २७७६ | ८७३०० | ४४८३ | ५४०० | १७६७९८ | १0000 | १७000 | ३८६७२० |
| 2 | | बिषयगत शाखा | | | | | | | | | |
| 3 | | ऋणको सावा व्याज भुक्तानी | | | | | | | | | |
| 4 | | लगानी ( शेयर/ऋण) | | | | | | | | | |

गम्बु शेर्पा

गाउँपालिका अध्यक्ष

खिजीदेम्बा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय फलाटे, ओखलढुंगा प्रदेश, नेपाल स्था : २०७३